राष्ट्रिय दैनिक

# समाचार दैनिक

जनकपुर

Email: sdainik99@gmail.com
Website www.esamachardainik.com

वर्ष ७ अंक १६५ २०८२ माघ ३ गते शनिवार (17 Jan. 2026) पृष्ठ ४ मूल्य रू. ३।-

विज्ञापनको लागि सम्पर्क
९८५४०२०९२२
९८५४०२५१६४

## २७ बुँदे माग सम्बोधन गर्न सरकार र दुर्गा प्रसाईंबीच सम्झौता

दैनिक समाचारदाता

काठमाडौं, २ माघ । सरकार र राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति र नागरिक बचाउ महाभियान, नेपालबीच सम्झौता पत्रमा हस्ताक्षर भएको छ ।

२७ बुँदे माग र सवालका विषयमा नेपाल सरकारका तर्फबाट वार्ता समितिका संयोजक सञ्चार तथा सूचना प्रविधिमन्त्री जगदीश खरेल र महाअभियानका तर्फबाट दुर्गा प्रसाईंले सम्झौतापत्रमा हस्ताक्षर गरेका हुन् ।

२६ कात्तिकमा महाअभियानले गृह मन्त्रालयमा २७ बुँदे माग पत्र बुझाएको थियो । गृहमन्त्री ओमप्रकाश अर्यालसहितको वार्तामा प्रसाईं समूहका माधव प्रसाद खतिवडाले मागपत्र बुझाएका थिए ।

मागपत्रमा संविधान खारेजदेखि, राजसंस्था पुनर्स्थापना र प्रत्यक्ष निर्वाचित कार्यकारी प्रधानमन्त्रीसम्म छन् । साथै बैंक तथा वित्तीय संस्थाबाट लिइएको ऋण मिनाहाका माग पनि प्रसाईंले राखेका छन् ।

पहिलो नम्बरमा नेपाल नेपालीले नै बनाउने र यहाँको व्यापार पनि नेपालीले नै गर्न पाउने वातावरण बनाउन माग गरेका



राखेका छन् ।

त्यस्तै संविधान खारेज गरी बौद्ध किराँत सहित वैदिक सनातन धर्म सापेक्ष हिन्दू अधिराज्य र संवैधानिक राजसंस्थाको स्थापना गरिनुपर्ने माग गरिएको छ । यो विषय जनमत संग्रहमार्फत टुंग्याउनुपर्ने पनि माग उनको छ ।

त्यस्तै प्रदेश संरचना खारेज गरी ५ विकास क्षेत्र, १४ अञ्चल, ७५ जिल्ला पुरानै अवस्थामा कायम गर्नुपर्ने माग छ । बैंक वित्तीय संस्थालाई राष्ट्रियकरण गरी जोखिम रकम उठाई बैंक र व्यवसायीलाई छुट्याउनुपर्ने माग गरिएको छ ।

*को हुन् सहजकर्ताहरु ?*

सरकार र प्रसाईंबीच वार्ताका लागि अधिवक्ताद्वय लबन न्यौपाने र विनोदमणि भट्टराईले सहजकर्ताको भूमिका खेलेका थिए । उनीहरुले विगत १० वर्षदेखि कुनै राजनीतिक दल निकट नरही स्वतन्त्ररुपमा कानून व्यवसाय गरिरहेका छन् ।

उनीहरुले जेनजी विद्रोहपछि पनि सम्भावित हिंसाका घटनाहरुबाट मुलुकलाई हुन सक्ने थप क्षतिबाट जोगाउन र राज्यले थप द्वन्द्व धान्न नसक्ने निश्कर्ष निकाल्दै प्रसाईको आन्दोलनलाई वार्ता र सम्बाद मार्फत हल गर्न गृहमन्त्री ओमप्रकाश अर्याल मार्फत लबिङ गरेका थिए ।

सोही अनुसार सरकारले समेत अधिवक्ताद्वयको प्रयत्नलाई नजिकबाट नियालेर सरकार र दुर्गा प्रसाईबीच वार्ताको सहजीकरण गरिदिन अनुरोध गरे पश्चात् दुईपक्ष बीच विभिन्न चरणमा वार्ता सम्भव भएको थियो ।

## निर्वाचन आयोगद्वारा कांग्रेसको विशेष महाधिवेशन मान्यता, पार्टी राजनीति नयाँ मोडमा

दैनिक समाचारदाता

काठमाडौं, २ माघ । निर्वाचन आयोगले नेपाली कांग्रेसले आयोजना गरेको विशेष महाधिवेशनलाई औपचारिक मान्यता दिएसँगै देशको प्रमुख राजनीतिक दलभित्र लामो समयदेखि चल्दै आएको आन्तरिक विवादले निर्णायक मोड लिएको छ । शुक्रबार बसेको आयोगको बैठकले विशेष महाधिवेशनलाई कानून र पार्टी विधानसम्मत ठहर गर्दै सो महाधिवेशनबाट चयन भएका पदाधिकारीहरूको विवरण अद्यावधिक गर्ने निर्णय गरेको हो ।

आयोगको यो निर्णयसँगै विशेष महाधिवेशनबाट पारित भएका सम्पूर्ण राजनीतिक तथा सांगठनिक निर्णयहरूले वैधानिक मान्यता पाएका छन् । यसअघि विशेष महाधिवेशन विधानविपरीत भएको दाबी गर्दै आएका सभापति शेरबहादुर देउवा समूहको आपत्ति आयोगले अस्वीकार गरेको छ । आयोगको निर्णयले देउवा समूहको दाबी स्वत: अमान्य भएको छ भने गगन थापा-विश्वप्रकाश शर्मा नेतृत्वको समूहले अघि सारेका निर्णयहरू अब आधिकारिक मानिने स्पष्ट भएको छ ।

निर्वाचन आयोगको



निर्णयपछि पार्टीभित्र प्रत्यक्ष मनोनयन, संगठन विस्तार, विभाग गठनदेखि भविष्यका राजनीतिक निर्णयहरू विशेष महाधिवेशनबाट चयन भएको नेतृत्वमार्फत अघि बढ्ने भएको छ । यससँगै शेरबहादुर देउवाको नेतृत्वमा रहेको पुरानो केन्द्रीय कार्यसमिति स्वत: अमान्य भएको आयोग स्रोतले जनाएको छ ।

आजकै राजनीतिक घटनाक्रमसँग जोडिँदा, कांग्रेसभित्रको यो निर्णयलाई लिएर राजधानीमा तीव्र राजनीतिक हलचल देखिएको छ । गगन-विश्व समूहले आयोगको निर्णयलाई “विधान, लोकतन्त्र र कार्यकर्ताको जित” को रूपमा व्याख्या गर्दै छिट्टै संगठन सुदृढीकरण र आगामी राजनीतिक रणनीति सार्वजनिक गर्ने तयारी थालेको छ । आजै काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा उक्त समूहका नेताहरूले पार्टीलाई “व्यक्तिवादी नियन्त्रणबाट मुक्त गरी संस्थागत नेतृत्वतर्फ लैजाने” प्रतिबद्धता दोहोर्‍याएका छन् ।

यता देउवा समूहले आयोगको निर्णयप्रति असहमति जनाउँदै यसलाई राजनीतिक दबाबको परिणाम भएको दाबी गरेको छ । सो समूहका नेताहरूले कानूनी विकल्प खुला रहेको भन्दै सर्वोच्च अदालत जाने तयारी भइरहेको संकेत दिएका छन् । निर्वाचन आयोगको निर्णयपछि असन्तुष्ट पक्षका लागि सर्वोच्च अदालतको ढोका खुला नै रहेको आयोगले पनि स्पष्ट पारेको छ ।

राजनीतिक विश्लेषकहरूका अनुसार आयोगको यो निर्णयले

*बाकी ३पृष्ठमा*

## रास्वपा प्रवेश गर्दै अमरेशकुमार सिंह



दैनिक समाचारदाता

जनकपुरधाम, २ माघ । अमरेशकुमार सिंह राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) प्रवेश गर्ने भएका छन् । सामाजिक सञ्जाल फेसबुकमार्फत सिंहले रास्वपामार्फत नयाँ राजनीतिक अध्यायको सुरुवात गर्न लागेको जानकारी दिएका हुन् ।

उनले माघ ५ गते जनकपुरमा हुने रास्वपाको आमसभामा पार्टी प्रवेश गर्न लागेको जानकारी दिएका छन् ।

‘यही माघ ५ गते जगत जननी माता सिताको जन्मस्थल जनकपुरधाममा हुने राष्ट्रिय स्वतन्त्र पार्टी को कार्यक्रमबाट आफ्नो नयाँ राजनितिक अध्यायको सुरुवात गर्दैछु,’ उनले भने, ‘देश र मधेशमा रहेको भ्रष्टाचार कुशासनविरुद्ध हिजो स्वतन्त्र रहँदा उठाएको आवाज अब अझ बुलन्द हुनेछ ।’


## अस्तन क्यान्सरका लक्षण

- स्तन वा काखीमुनि नदुख्ने गिर्खा वा गाँठो देखिनु,
- स्तनको छालामा निको नहुने घाउ हुनु,
- स्तनको आकारमा परिवर्तन हुनु,
- स्तनको छाला सुन्तलाको बोक्राजस्तो खस्रो हुनु,
- स्तनको मुन्टो भित्रतिर जानु,
- स्तनको मुन्टोबाट रगत वा पिप बग्नु,
- स्तन दुख्नु वा सुन्निनु,

*यस्ता कुनै पनि लक्षण देखिएमा चिकित्सकसँग तुरुन्तै परामर्श गरौं ।*

नेपाल सरकार
विज्ञापन बोर्ड


## अब अनलाइनबाट बुकिङ्गको सुविधा



- पाठेघरको असामान्य रक्तस्राव
- इन्डोमेट्रिओसिस
- रजोनिवृत्ति
- पिल्भिक दुखाइ
- डिस्मेनोरिया (पीडादायी महिनावारी)
- पीडादायी यौनसम्पर्क
- स्त्री रोग तथा प्रसुती सम्बन्धी रोग
- बाल रोग
- बाँझपनको उपचार
- दुखाई बिनाको सुत्केरी

को लागि उपचार गराउन चाहनुहुन्छ भन्ने अनलाइनबाटै बुकिङ्गको लागि
www.divyaclinicjanakpur.com

वरिष्ठ चिकित्सकहरु




दिव्या क्लिनिक एण्ड डाइग्नोष्टिक सेन्टर
जनकपुरधाम उपमहानगरपालिका वडा नं. १०,
Phone :9861147201

नैना होस्पिटल प्रा.लि.
जनकपुरधाम उपमहानगरपालिका वडा नं. ८ रामानन्द चौक,
Phone :977041 591035
9801674020

# मेगा कन्सर्ट : संगीतको नयाँ अर्बडलर अर्थतन्त्र

२०२४ डिसेम्बरमा टेलर स्विफ्टको 'द इराज' नामक मेगा कन्सर्ट सकियो । मेगा कन्सर्ट भनेको एउटा ब्यानरमा धेरै ठाउँमा गरिने कन्सर्ट हो । दुई वर्षसम्म चलेको सो मेगा कन्सर्ट अन्तर्गत टेलरले विश्वभर १८९ ठाउँमा कार्यक्रम गरेकी थिइन् ।



उक्त टुर अहिलेसम्मकै सबैभन्दा बढी नाफा कमाउने सांगीतिक कार्यक्रम समेत बन्यो । सो अवधिमा टुरले दुई अर्ब डलरभन्दा बढी कमाइ गरेको थियो । त्यसअघिका कुनै पनि मेगा टुरको कमाइ यसको आधा पनि पुगेको थिएन ।

त्यसको ९ महिनापछि पप ब्यान्ड कोल्डप्लेले आफ्नो 'म्युजिक अफ द स्फियर्स' वर्ल्ड टुर पूरा गऱ्यो । कोल्डप्लेको उक्त मेगा टुरले साढे एक अर्ब डलरभन्दा बढी कमाएको थियो ।

यसले म्युजिकका मेगा कन्सर्ट र टुर कसरी बढी आम्दानी गर्ने प्लेटफर्म बनिरहेका छन् भन्ने प्रश्न निम्त्याउँछ ।

***ठूलो फ्यान बेस***

संगीतकर्मीहरूले आफ्नो फ्यान बेस कसरी बढाउँछन् ? उनीहरूलाई मन पराउनेहरूको संख्या कसरी बढिरहेको छ ? यो बुझ्न केपपका कलाकारहरूलाई हेर्न सकिन्छ ।

केपप कोरियाली र पश्चिमी संगीत शैलीहरूको मिश्रण हो । उनीहरूको धुन र गीतमा जोसिलो र झुमाउने बिट्स हुन्छन् । अनि त्यससँगै नृत्य पनि जोडिएको हुन्छ । यति मात्र होइन केपपका कलाकारहरू आफ्ना फ्यानहरूसँग जोडिन सामाजिक सञ्जाल र प्रविधिको भरभूर प्रयोग गरिरहेका हुन्छन् ।

उनीहरूको सफलताबारे सियोलस्थित म्युजिक डिस्ट्रिब्युसन कम्पनी 'रुट नोट्स'का एसिया प्रमुख केभिन किम भन्छन्, 'पश्चिमी कलाकार र कोरियाली कलाकारहरूबीचको एउटा ठूलो फरक भनेको कोरियाली केपप कलाकारहरू सधैं अनलाइन बस्छन् । युट्युबमा उनीहरूको उपस्थिति बाक्लै हुन्छ । धेरै कलाकारहरू भने 'बबल' एपमार्फत सिधै आफ्ना फ्यानहरूसँग च्याट पनि गरिरहेका हुन्छन् ।'

'बबल' एउटा दक्षिण कोरियाली सामाजिक सञ्जाल प्लेटफर्म हो । यसको माध्यमबाट फ्यानहरूले आफ्ना म्युजिक स्टारहरूसँग सोझै कुराकानी गर्न सक्छन् ।त्यस्तै सोही एपमार्फत केपपका कलाकारहरूले आफ्ना फ्यानहरू कता धेरै छन् भन्ने पनि थाहा पाउँछन् । र, त्यसकै आधारमा उनीहरूले आफ्नो कन्सर्ट टुर गर्छन् ।

केपपका फ्यानहरू कलाकारहरूलाई लिएर निकै धेरै भावुक पनि हुन्छन् । किनकि कतिपय फ्यानहरू कुनै पनि कलाकारको कन्सर्ट हेर्नका लागि मात्रै पनि टाढाका शहर र अर्को देशसम्म पुग्छन् ।

प्रायः केपपका फ्यानहरूका लागि कन्सर्ट एउटा नौलो अनुभव हुने गर्छ । कन्सर्टमा फ्यानहरूले एउटा 'लाइट स्टिक' बोकेका हुन्छन्, त्यसको रङबाट उनीहरू कुन क्षेत्रका हुन् भन्ने थाहा हुन्छ । साथै कार्यक्रमका दौरान उक्त लाइट स्टिकको प्रकाशलाई कन्सर्टका आयोजकहरूले नियन्त्रण गर्छन् । जसले गर्दा संगीतको फरक-फरक धुनसँगै त्यसको रङ बदलिन्छ।

केभिन किमका अनुसार उक्त लाइट स्टिक निकै एड्भान्स टेक्नोलोजीबाट बनेको हुन्छ । यसले गर्दा कन्सर्टमा लिइने सांगीतिक माहोल नै अलग हुन्छ ।

यसबाट फ्यानहरूको कन्सर्टको अनुभव निकै 'डायन्यामिक' हुन्छ । उनीहरूले आफूलाई नै त्यो संगीतको हिस्सा भएको महसुस गर्छन् । तर, केपप कलाकारहरूले लाइट स्टिक मात्र होइन, अन्य सामान पनि बेच्छन् ।

'कोरियाली कलाकारहरूले आफ्नो तस्बिर भएका पोस्टर, टिसर्ट र की चेन जस्ता धेरै चीजहरू बेच्छन् । हरेक कन्सर्टका लागि नयाँ तस्बिरहरूसहित टिसर्ट र की चेन बनाएर सार्वजनिक गरिन्छ,' केभिन किम भन्छन्, 'उनीहरूका फ्यानले यी चीजहरू ठूलो चासोका साथ किन्छन् । र, सङ्कलन गर्छन् ।'

यी यस्ता रणनीतिहरूले कन्सर्ट टुरलाई पहिलेभन्दा धेरै नाफामा पुऱ्याएका छन् । तर, प्रश्न उठ्छ यति ठूलो सफलता कसरी सम्भव भयो ? एल्बम वा सीडी आदि बेचेर पैसा कमाउने पुराना तरिका कसरी बदलिए ?

***डिजिटल बदलाव***

अमेरिकाको मियामी युनिभर्सिटीको फ्रोस्ट स्कुल अफ म्युजिककी प्रोफेसर सेरोना एल्टनका अनुसार पहिले पप म्युजिक ब्यान्डहरूले आफ्नो नयाँ संगीत एल्बम वा सीडी प्रमोट गर्न कन्सर्ट टुरको प्रयोग गर्थे । तर, अहिले यी म्युजिक ब्यान्डहरूले कन्सर्ट टुरबाट सिधै नाफा कमाइरहेका छन् ।

उनका अनुसार यसको एउटा ठूलो कारण पछिल्लो २० वर्षमा डिजिटल टेक्नोलोजीमा आएको परिवर्तन हो । पहिले मान्छेहरू कुनै कलाकारको एल्बम किन्न म्युजिक स्टोर जान्थे । तर, अहिले उनीहरूका गीतहरू सजिलै इन्टरनेटबाट डाउनलोड गर्न सक्छन् ।

'पहिले सबैभन्दा धेरै म्युजिक रेकर्ड वा सीडी युवाहरूले किन्थे । अहिले उनीहरू डिजिटल प्रविधिको प्रयोग गर्छन् । यसले संगीत उद्योगको समीकरणमा बदलाव ल्याएको छ' सेरोना एल्टन भन्छिन्, 'जब कलाकारहरूले आफ्नो संगीत रेकर्डको विक्री बिस्तारै घट्दै गएको देखे, त्यसपछि उनीहरू पनि कन्सर्ट टुरमार्फत पैसा कमाउनतिर लागेका हुन् ।'

त्यसरी कन्सर्ट टुर गर्दा कलाकारहरूको संगीतको इन्टरनेट स्ट्रिमिङ पनि बढ्छ । किनकि कन्सर्टको घोषणा हुनासाथ फ्यानहरूले अनलाइनमा एल्बम किन्न थाल्छन् । भलै त्यसबाट खासै धेरै फाइदा हुँदैन । कलाकारहरूको मुख्य ध्यान भव्य कन्सर्ट गर्ने र भएसम्म सबै टिकट विक्री गर्ने नै हुन्छ । फेरि भव्य स्तरको कन्सर्ट गर्न त्यही अनुसारको लगानी पनि आवश्यक पर्छ।

***कन्सर्टको भव्यता***

प्रायः त्यस्ता कन्सर्टहरू विशाल स्टेडियममा आयोजना हुन्छन्, जहाँ हजारौं फ्यान आउँछन् । स्टेज नजिककैका दुईतीन लाइनभन्दा पछाडि बसेका फ्यानहरूले स्टेजमा प्रस्तुति दिइरहेका कलाकारहरू प्रस्ट देख्दैनन् । त्यस्तोमा स्टेडियममा ठूला भिडियो स्क्रिनहरू लगाउनुपर्छ । ताकि कलाकारलाई प्रस्ट र नजिकबाट देखियोस् ।

त्यस्तै लाइट र साउन्ड पनि सोही स्तरको हुन्छ । अनि स्टेज बनाउन, त्यसलाई भत्काएर नयाँ ठाउँमा लान पनि उस्तै समय र जनशक्ति लाग्छ । त्यसैले यस्तो ठूलो मेगा कन्सर्ट गर्दा नाफा कमाउनु अनिवार्य हुन्छ ।

कन्सर्ट टुर सफल बनाउनमा भने सामाजिक सञ्जालको पनि उत्तिकै भूमिका हुन्छ । प्रायः कुनै पनि ठाउँमा कार्यक्रम गर्दा त्यहाँ फ्यानहरूको अनुपात र क्रयशक्तिलाई निकै विचार गरिने गर्छ ।

***टुरको अर्थशास्त्र***

बेलायतको न्युकासल युनिभर्सिटीका संगीत विभागका प्रमुख एडम बेहरका अनुसार पहिले पप म्युजिक कलाकारको काम अहिलेको जस्तो थिएन । उनीहरू स्टुडियो जान्थे । एल्बम रेकर्ड गर्थे । त्यसपछि त्यसको प्रचारमा लाग्थे । टुरको आयोजना गर्न म्युजिक लेबलले सहयोग गर्थे । तर डिजिटल युगमा यो समीकरण फेरिएको छ ।

'एल्बमको अनलाइन स्ट्रिमिङको कुनै सीमा छैन । तर टुर कन्सर्टका टिकट सीमित हुन्छन् । लाइभ म्युजिकको मजा नै बेग्लै हुन्छ । यसले अनुभव गर्ने कुरोलाई खास बनाउँछ,' एडम बेहर भन्छन्, 'यही कारणले टुर कन्सर्टलाई ठूलो नाफा हुने व्यापार बनाउँछ ।'

म्युजिक जर्नलिस्ट र सिड्नीस्थित 'क्युरियस मिडिया'की संस्थापक पपी रीडका अनुसार कन्सर्ट टुर सबै कलाकारको बसको कुरा होइन । यस्तो खालको कन्सर्ट लाखौं करोडौं फ्यान भएका कलाकारहरूले मात्र गर्न सक्छन् ।

उनका अनुसार यस व्यापारमा पैसा भए पनि नाफाको मार्जिन कम छ । किनकि लगानी नै धेरै लाग्छ । तर, यस्ता मेगा कन्सर्टहरूका आयोजकलाई मात्र पुग्दैन । स्थानीय समुदायलाई पनि उत्तिकै फाइदा पुगिरहेको हुन्छ ।

किनकि कुनै शहरमा जति दिन ती कलाकार बस्छन्, त्यो समयमा उनीहरू निकै तामझामका साथ बस्छन् । त्यसैले त कतिपय सरकारहरूले त टेलर स्विफ्ट, बियोन्से र कोल्डप्ले जस्ता ब्यान्डलाई आफ्नो शहरमा आउन अपिल गर्छन् ।

क्यानडाका तत्कालीन प्रधानमन्त्री जस्टिन ट्रूडो, ब्राजिलका राष्ट्रपति लुलाका, चिली र थाइल्याण्डका राष्ट्र प्रमुखहरूले टेलर स्विफ्टलाई आफ्नो देशको टुर गर्न आग्रह गरेका थिए । यसबाट यो मेगा टुर आर्थिक दृष्टिले कति महत्वपूर्ण छ भन्ने थाहा हुन्छ ।

कतिपय कलाकारहरूको हकमा मेगा कन्सर्टपश्चात समेत आम्दानी हुने गर्छ । त्यसको उदाहरण पनि टेलर नै हुन् । टेलरले आफ्नो 'द एराज' टुरमा डिज्नी प्लससँग मिलेर ६ भागको डकुमेन्ट्री बनाएकी थिइन् ।पपी रीडका अनुसार यस्ता टुरको आयोजनामा धेरै भारी खर्च हुन्छ, जसलाई असुल गर्न र नाफा कमाउनु बाहेक कलाकारहरूसँग अर्को विकल्प छैन । तर, जति भव्य कन्सर्ट भयो, पैसा त्यति नै धेरै आउँछ । अर्कोतर्फ फ्यानहरू आफूलाई यही कारण हो कि मेगा टुरहरू यति धेरै सफल भइरहेका छन् । *बीबीसीबाट*

## तपाईको आज

मेष : दिन शुभ फलदायक छ । कार्य सिद्धि, द्रव्य लाभ, विजय, काममा सफलता हुन सक्छ ।

वृष : बिहान तनाव, दौडधूप भए पनि दिनभर सुख-सन्तोष, कार्य सिद्धि हुने सम्भावना छ ।

मिथुन : बिहानको समयमा धनप्राप्ति, प्रतिष्ठा बढ्ला तर त्यसपछि भने विवाद नहोला भन्न सकिन्न ।

कर्कट : शुरुमा तनाव, खर्च भए पनि दिनभर समय शुभ छ । ऐश्वर्य प्राप्ति, सन्तोष होला ।

सिंह : बिहानको समय उपहारादि वस्तु प्राप्ति तर त्यसपछि खर्च, धन हानि हुने सम्भावना छ ।

कन्या : दिनको शुरुवातमा नोक्सानी नहोला भन्न सकिन्न । त्यसपछि भने लाभ, सफलता होला ।

तुला : शुरुमा मिष्ठान्न भोजन, पैसा प्राप्तिको सम्भावना छ तर त्यसपछि दिनभर तनाव होला ।

वृश्चिक : दिन शुभ फलदायक छ । स्वस्थता, स्फूर्ति बढ्ने, इष्टमित्रसँग भेटघाट, लाभ हुन सक्छ ।

धनु : समय बलवान् छ । मान-सम्मान, राजनीतिक सफलता, कामकाज सफल हुने देखिन्छ ।

मकर : बिहान कार्य असफल भए पनि दिनभर राज्यबाट सुख, मान-प्रतिष्ठा वृद्धिको सम्भावना छ ।

कुम्भ : शुरुमा समस्या सुल्झने, सम्मान बढ्ने तर त्यसपछि भने दुःख-कष्ट आइपर्न सक्छ ।

मीन : तपाईंका लागि समय शुभ छ । परीक्षा, खेलकुद, मुद्दा आदिमा विजय, प्रतिष्ठा वृद्धि होला ।

## आवश्यक टेलिफोन नम्बरहरू

### एम्बुलेन्स

| | |
|---|---|
| मिथिला युवा समाज नेपाल | ९८४४१०४३४४,०४१-५२८९०६ |
| श्री गणेश युवा कमिटी | ९८०१६२५४२४,९८५४०२७७०३ |
| श्री विश्वकर्मा युवा कमिटी | ९८१५८९४४९५,९८१२०९२४८५ |
| सिर्जनसिल युवा परिवार (वीरेन्द्र बजार) | ९८४४९९०५,९८०४८०५६४३ |
| माँ सहयोगी नेपाल (देवडिहा-१) | ९८०१६०४३८९ |
| नव मिथिला युवा कमिटी | ९८५४०२८३०३,९८०७८९९८८१ |
| मिथिला स्वास्थ्य सहकारी संस्था | ९८५४०२२४७४,९८०१६२२४७४ |
| रामानन्द युवा क्लव | ९८०४८२७४०५ |
| एम्बुलेन्स रेडक्रस | १०२,०४१-५२०८७० |
| मिथिलाञ्चल विकास केन्द्र एम्बुलेन्स | ९८१५८९३००५,०४१-५२५४४८ |
| धनुषा अस्पताल पा.लि. | ५२४७७०, ५२५८०० |

### प्रहरी कार्यालय

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ०४१-५२००९९,१०० |
| सशस्त्र प्रहरी बल मुजेलिया | ०४१-५२७९०५,५२७२१३ |
| सुरक्षा गुल्म जनकपुर ब्यारेक | ०४१-५२६५८६ |
| ट्राफिक प्रहरी कार्यालय जिरोमाइल | ०४१-५२०३६६ |
| जानकी प्रहरी चौकी जानकी चौकी | ०४१-५२०३४४ |
| इलाका प्रहरी कार्यालय स्टेशन | ०४१- |
| मुजेलिया प्रहरी चौकी | ०४१-५२०७५० |
| हनुमान नगर प्रहरी चौकी | |
| प्रहरी चौकी बलवा टोल | |

### अस्पतालहरू

| | |
|---|---|
| जनकपुर अञ्चल अस्पताल | ०४१-५२००३३ |
| जिल्ला जनस्वास्थ्य कार्यालय | ०४१-५२०६२८, ५२६२७१ |
| धनुषा अस्पताल पा.लि. | ५९०८००, ५२५८०० |
| आँखा अस्पताल | ०४१-५२०३९७ |
| बछार प्रसुति केन्द्र | ५२२४५७ |

### महत्वपूर्ण कार्यालयहरू

| | |
|---|---|
| जनकपुर उपमहानगरपालिका | ०४१- |
| बरुण यन्त्र जउमनपा | ०४१-५२००११ |
| बस पार्क | ०४१-५२०९९८ |
| जनकपुर विमान स्थल | ०४१-५२००४४ |
| बुद्ध एयर | ०४१-५२५०२१, ५२५०२२ |
| यति एयर | ०४१-५२५००४७, ५२५०२२ |
| विद्युत फयुज शाखा | ०४१-५२०१५१ |
| जानकी केवुल | ०४१-५२३७२८ |
| शाह केबुल | ०४१-५२४७२२ |

# जेन-जी महिलामा बढ्दो एग फ्रिजिङ ट्रेन्ड

“मैले एग फ्रिजिङ गराउनुअघि डेटमा जाँदा आफूले भोग्दै आएको सामाजिक र मानसिक दबाबलाई खासै महसुस गरेकी रहेनछु। तर एग फ्रिजिङपछि त्यो दबाब अन्त्य भयो,” २५ वर्षकै उमेरमा आफ्नो शरीरबाट डिम्ब निकालेर दीर्घकालसम्म सुरक्षित राख्ने प्रविधि ‘एग फ्रिजिङ’ अपनाएकी लिबी विल्सन बताउँछिन्।



आफ्नो प्रजनन क्षमता सुरक्षित राख्न चाहने २० को दशकमा पुगेका ‘जेन-जी’ महिलाहरूको बढ्दो सूचीमा लिबी पनि पर्छिन्। प्रेम सम्बन्धको अनिश्चितता, करिअर र व्यक्तिगत स्वतन्त्रतालाई प्राथमिकता दिने चाहना, तथा प्रजनन उमेरको सीमासम्बन्धी चिन्ताबाट मुक्त हुन महिलाहरूले एग फ्रिजिङलाई विकल्पका रूपमा रोज्न थालेका छन्।

महिलाको उमेर बढ्दै जाँदा डिम्बको गुणस्तर र मात्रा दुवै घट्दै जाने चिकित्सकीय तथ्य स्थापित छ। यसले भविष्यमा गर्भधारणमा कठिनाइ ल्याउन सक्छ।

सन् २००० को सुरुआतदेखि गैरचिकित्सकीय प्रयोजनका लागि एग फ्रिजिङ लोकप्रिय बन्दै गएको हो। सुरुमा ३० को दशकका महिलाहरू यसमा बढी देखिन्थे। तर पछिल्ला वर्षहरूमा कम उमेरका महिलाहरूले पनि यो प्रविधि अपनाउन थालेका छन्।

यो सेवा विश्वभर उपलब्ध भए पनि देशअनुसार कानुनी प्रावधान फरक छन्। चीनमा एकल महिलालाई गैरचिकित्सकीय प्रयोजनका लागि एग फ्रिजिङ गर्न अनुमति छैन। अस्ट्रिया र हङ्गेरीमा पनि स्वास्थ्यसम्बन्धी कारणबाहेक एग फ्रिजिङ प्रतिबन्धित छ।

युकेमा भने १८ देखि २४ वर्ष उमेर समूहका महिलाले एग फ्रिजिङ गराउने संख्या चार वर्षमै ४६ प्रतिशतले बढेको ह्युमन फर्टिलाइजेशन एन्ड एम्ब्रिओलोजी अथोरिटी (ज्ँब) को तथ्याङ्कले देखाउँछ।

तर अपेक्षाजस्तै यसको सफलतादर भने उच्च छैन। चिकित्सकहरूका अनुसार फ्रिज गरिएको डिम्बबाट बच्चा जन्मिने सम्भावना दाबी गरिएजति बलियो छैन।

### *‘डेटिङको दुनियाँमा भद्रगोल’*

हाल २५ वर्षकी नास्त्या स्वान विगत आठ वर्षदेखि अमेरिकामा बस्दै आएकी छन्। उनले गत वर्ष एग फ्रिज गराएकी थिइन्।



“म धेरै समयदेखि प्रेम सम्बन्धमा छैन। तर भविष्यमा आमा बन्ने चाहना छ,” उनी भन्छिन्।

“म आफ्नो जीवनसाथीबारे निकै सचेत छु। तर डेटिङको संसार एकदमै भद्रगोल छ।”

रुसी मूलकी नास्त्याले यो कुरा पहिलो पटक बुवालाई सुनाउँदा उनी हाँसेका थिए। “तिमी सानै छौ, आफ्नो जीवन जिऊ,” उनले भनेका थिए। पछि परिवारले उनको निर्णयमा साथ दियो।

भारतीय प्रजनन सेवा ‘फर्टिलिटी दोस्त’की संस्थापक गीताञ्जली बनर्जीका अनुसार महिलाहरूको चेतनास्तर बढ्दै जाँदा यस्ता विषयमा पारिवारिक असमझदारी पनि देखिन थालेको छ।

“धेरै महिला भन्छन्–‘परिवारले मेरो करिअर नै बुझ्दैन, एग फ्रिजिङ कसरी बुझ्लान् ?’” बनर्जी भन्छिन्।

### *पीसीओएस र चिकित्सकीय कारण*

अस्ट्रेलियाकी लिबी पोलिसिस्टिक ओभरी सिन्ड्रोम (पीसीओएस)बाट पीडित छिन्। विश्वभर करिब १० मध्ये एक महिला यस समस्याबाट प्रभावित हुने तथ्याङ्क छ।

“यसैले पनि मलाई एग फ्रिजिङतर्फ प्रेरित गऱ्यो,” उनी भन्छिन्।

युनिभर्सिटी कलेज लन्डनकी अध्यापिका डा. जेनेप गुर्टिनका अनुसार धेरै महिलाले क्यान्सर उपचारजस्ता चिकित्सकीय कारणले पनि एग फ्रिजिङ गरिरहेका छन्।

तर कतिपय महिलाले एन्टी-मुलेरियन होर्मोन (बज) परीक्षणलाई प्रजनन क्षमताको ‘प्रमाणपत्र’ झैं बुझ्ने गरेको बनर्जी बताउँछिन्। जबकि यस्तो परीक्षणले डिम्बको गुणस्तर नाप्दैन।

### *अवकाशपछिको बचत, भविष्यको आशा*

एग फ्रिजिङ महँगो प्रक्रिया हो। अस्ट्रेलियामा मात्र डिम्ब निकाल्न करिब ११ हजार अस्ट्रेलियन डलर लाग्छ। त्यसमा मासिक भण्डारण शुल्क अलगै छ।

लिबीले यसका लागि अवकाशपछिका लागि बचत गरेको रकम खर्च गरिन्। तर उनी आफ्नो निर्णयप्रति सन्तुष्ट छिन्।

“यसले बच्चा हुने र नहुनेबीचको फरक पार्न सक्छ,” उनी भन्छिन्।

### *एग फ्रिजिङ : ग्यारेन्टी होइन*

जब महिलाले भविष्यमा सन्तान चाहन्छिन्, फ्रिज गरिएका डिम्बलाई आईभीएफ प्रक्रियामार्फत प्रयोग गरिन्छ। तर हरेक चरण सफल हुन्छ भन्ने सुनिश्चित हुँदैन।

सन् २०१६ को ज्ँब तथ्याङ्कअनुसार त्यस वर्ष फ्रिज गरिएका डिम्बमध्ये केवल १८ प्रतिशतबाट मात्रै बच्चा जन्मिएका थिए।

डा. गुर्टिन भन्छिन्, “एग फ्रिजिङमा कहिल्यै ग्यारेन्टी हुँदैन। महिलाहरूले यसको सम्भावना, जोखिम र साइड इफेक्टबारे स्पष्ट जानकारी पाउनै पर्छ।”

उनका अनुसार २४ वर्षभन्दा कम उमेरका महिलाले प्रायः यसबारे चिन्ता लिनै नपर्ने पर्याप्त समय अझै बाँकी हुन्छ। *बीबीसी*

# मेटामा जनशक्ति कटौती रणनीति फेरबदल

फेसबुकको मातृ कम्पनी मेटाले आफ्नो रियालिटी ल्याब्स विभागमा कार्यरत १ हजार भन्दा धेरै कर्मचारी हटाएको छ।

मेटाले सन् २०२६ को सुरुवातमै उक्त बहुचर्चित विभागबाट १० प्रतिशतभन्दा बढी कर्मचारी हटाउने निर्णय गरेसँगै त्यसले चर्चा पाएको हो।

रियालिटी ल्याब्स त्यही इकाइ हो, जसले भर्चुअल रियालिटी, मेटाभर्स र एक्सटेन्डेड रियालिटी जस्ता प्रविधिमा काम गर्दै आएको थियो।

कम्पनीका संस्थापक तथा प्रमुख कार्यकारी अधिकृत मार्क जुकरबर्गले फेसबुकको नाम नै परिवर्तन गरेर मेटा राखेका थिए र मेटाभर्समा अर्बौं डलर लगानी गरेका थिए।

तर उक्त क्षेत्रमा मेटाले अपेक्षाकृत सफलता हासिल गर्न नसकेपछि जनशक्ति कटौतीको निर्णय गरिएको हो। विश्लेषकहरुका अनुसार मेटाभर्स एक प्रकारको फोका थियो जुन अहिले फुट्दै गएको छ। त्योसँगै मेटा कम्पनी अब नयाँ दिशातर्फ सर्न खोजिरहेको देखिन्छ।

### *मेटाभर्समा ठूलो लगानी तर सपना चकनाचुर*

मेटाले रियालिटी ल्याब्सका १ हजार भन्दा धेरै कर्मचारी कटौती गरेसँगै अब कम्पनीको प्राथमिकता मेटाभर्सबाट एआईतर्फ सरेको देखिन्छ। अत्यधिक भविष्यवादी तर व्यवसायिक रूपमा कमजोर मेटाभर्सबाट मेटाले आफ्नो ध्यान एआईमा आधारित भविष्यतर्फ केन्द्रित गर्न लागेको हो।




कर्मचारी कटौतीबाट मेटाका विभिन्न टिम र प्रोडक्टहरूको उत्पादन गर्ने जनशक्ति प्रभावित भएका छन्। विशेषगरी भिआर हेडसेट, होराइजन वर्ल्डस् जस्ता मेटाभर्स प्लेटफर्म र केही इमर्सिभ गेमिङ स्टुडियो मा काम गर्ने कर्मचारीहरू कटौतीमा परेका छन्।

बुधबार बिहानदेखि मेटाले कर्मचारी कटौती सुरु गरेको हो। कम्पनीले आन्तरिक सन्देशमार्फत पनि यसबारे जानकारी दिएको छ।

मेटाका प्रमुख प्राविधिक अधिकृत एन्ड्र्यु बोस्वर्थले कर्मचारीहरूलाई आन्तरिक रूपमा जानकारी दिँदै यो निर्णय कम्पनीको वर्षभरिको रणनीति तय गर्ने सबैभन्दा महत्वपूर्ण बैठकअघि लिइएको बताएका छन्।

कम्पनीका एक प्रवक्ताका अनुसार मेटाभर्समा अत्यधिक खर्च तर अपेक्षाकृत कम प्रयोगकर्ता सहभागिताका कारण यस्तो कदम आवश्यक भएको हो। मेटाले अब आफ्नो श्रोतसाधन तथा रणनीतिलाई एआईमा आधारित प्रडक्ट र शरीरमा पहिरिने प्रविधितर्फ केन्द्रित गर्ने मेटाका अधिकारीले बताएका छन्।

### *बेरोजगार पूर्वकर्मचारीहरु जागिर खोज्दै*

मेटा कम्पनीले कर्मचारी कटौतीको निर्णय गरेपछि लिंक्डइनजस्ता प्लेटफर्ममा काम गरेका मेटाका पूर्वकर्मचारीहरू नयाँ कामको खोजीमा लागेका छन्। उनीहरूले आफू कामका लागि खुल्ला भएको अर्थात् ‘ओपन टू वर्क’ भनी सामाजिक सञ्जालमा पोस्ट गरिरहेका छन्। यसले प्रविधि क्षेत्रका धेरै अनुभवी व्यवसायिक व्यक्तित्वहरु अहिले नयाँ अवसरको खोजीमा रहेको देखाउँछ।

यो हप्ता मात्रै लिंक्डइनमा हजारौँ यस्ता पोस्टहरू भाइरल भएका छन्। त्यसैले यो घटना एउटा कम्पनीको मात्र समस्या नभई सम्पूर्ण प्रविधि क्षेत्रमा भइरहेको संरचनात्मक परिवर्तनको संकेतका रुपमा विश्लेषण गरिएको छ।

रियालिटी ल्याब्सले पछिल्ला केही वर्षमा मेटाभर्स र एक्स आर टेक्नोलोजीमा अर्बौं डलर खर्च गऱ्यो। तर कम्पनीले अपेक्षा गरेजस्तो ती प्रोडक्टहरू मूलधारका प्रयोगकर्तामाझ लोकप्रिय हुन सकेनन्। विभिन्न रिपोर्टहरूका अनुसार रियालिटी ल्याब्सले पछिल्ला वर्षहरूमा ठूलो वित्तीय घाटा पनि व्यहोरेको छ। जसका कारण मेटाले कम्पनीको भावी रणनीति पुनः मूल्यांकन गर्नुपरेको हो।

### *मेटा अब स्मार्ट एआई चश्मातर्फ केन्द्रित हुने*

विश्लेषकहरूका अनुसार मेटाले विश्व अझै मेटाभर्सका लागि तयार नभएको तर एआई र वेयरेबल्स जस्ता प्रविधिहरू व्यवहारिक हुनुका साथै कम्पनीलाई छिटो फाइदा दिने खालका रहेको निष्कर्ष निकालेको छ।

सोही कारण मेटाले रेबन स्मार्ट ग्लासेस जस्ता एआई प्रविधियुक्त डिभाइसमा लगानी बढाएको छ। यी स्मार्ट चस्माहरू छरितो, प्रयोगमैत्री र व्यवहारिक भएकाले विश्वभर लोकप्रिय हुँदै गएका छन् र बिक्री पनि उल्लेखनीय रूपमा बढेको छ। हालै मेटाले डिस्प्ले सहितका स्मार्ट चस्मा पनि सार्वजनिक गरेको छ। ती स्मार्ट चस्मा अत्यधिक लोकप्रिय हुँदा अमेरिकामा बजारबाटै रित्तिएका छन्। यसका साथै कम्पनीले ‘ओरिजिनल ग्लासेस’मा पनि काम गरिरहेको छ। चस्मा जस्तै देखिने यी डिभाइसहरूमा मिक्स्ड रियालिटीका विभिन्न फिचर रहनेछन्। यसको अवधारणा एप्पल भिजन प्रोसँग मिल्दोजुल्दो छ।

मेटामा देखिएको पछिल्लो परिवर्तन तथा कर्मचारी कटौतीको घटनाले तत्काल आम्दानी नदिने प्रोजेक्टबाट कम्पनीहरू छिटै टाढा हुन्छन् भन्ने प्रष्ट सन्देश दिएको विश्लेषकहरूको भनाइ छ। गतवर्ष मेटासँगै माइक्रोसफ्ट तथा गुगलजस्ता ठूला कम्पनीहरूले यसैगरी व्यापक मात्रामा जनशक्ति कटौती गरेका थिए।

*एजेन्सी*

# निर्वाचन......



नेपाली कांग्रेसको आन्तरिक शक्ति सन्तुलन मात्र होइन, समग्र राष्ट्रिय राजनीतिमा समेत प्रभाव पार्नेछ। विशेष गरी सरकार गठन, संसदमा हुने भूमिकाहरू र आगामी निर्वाचनको तयारीमा कांग्रेसको धार स्पष्ट हुने अपेक्षा गरिएको छ।

एकातिर सत्ता राजनीतिमा अस्थिरता बढिरहेका बेला कांग्रेसभित्रको यो निर्णयलाई लोकतान्त्रिक अभ्यासको एउटा महत्त्वपूर्ण परीक्षा मानिएको छ। अर्कोतर्फ, सर्वोच्च अदालतमा पुग्ने सम्भावित विवादले यो विषय अझै केही समय तातो राजनीतिक मुद्दा बनेर रहने देखिन्छ।

निर्वाचन आयोगको निर्णयपछि नेपाली कांग्रेस औपचारिक रूपमा नयाँ नेतृत्व र नयाँ राजनीतिक यात्रातर्फ अघि बढेको संकेत मिलेको छ, जसको प्रत्यक्ष असर आगामी दिनमा देखिने राजनीतिक समीकरणमा स्पष्ट रूपमा पर्ने विश्लेषकहरूको भनाइ छ।

समाचार | जि.प्र.का.ध.द.नं. २३८/०७४/७५ जि.हु.का.ध.द.नं. २१९/०७४/७५ | २०८२ माघ ३ गते शनिवार [17 Jan. 2026] | समाचार दैनिक जनकपुर

# निर्वाचन प्रहरीमा युवाको आकर्षण, मागभन्दा दोब्बर आवेदन

दैनिक समाचारदाता

जनकपुरधाम, २ माघ। आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि आह्वान गरिएको निर्वाचन प्रहरीमा रौतहट, सप्तरी र पर्सा जिल्लामा मागभन्दा दोब्बरभन्दा बढी आवेदन परेका छन्। निर्वाचन सुरक्षामा खटिने अवसरप्रति युवासहित विभिन्न उमेर समूहको उल्लेखनीय आकर्षण देखिएको हो।



रौतहट जिल्लामा नेपाल प्रहरी र सशस्त्र प्रहरी बलतर्फ गरी कुल ६ हजार ७३६ जनाले आवेदन दिएका छन्। जिल्ला प्रहरी कार्यालय रौतहटका अनुसार नेपाल प्रहरीतर्फ ३ हजार ४६६ जना र सशस्त्र प्रहरीतर्फ ३८५ जना आवश्यक रहेकामा नेपाल प्रहरीतर्फ मात्रै ६ हजार २८४ र सशस्त्र प्रहरीतर्फ ४५२ जनाले आवेदन दिएका छन्। आवेदन दिनेहरूमध्ये ५ हजार ३४८ पुरुष र ९३६ महिला रहेका छन्। आवेदन फारम जिल्ला प्रहरी कार्यालय रौतहटसहित इलाका प्रहरी कार्यालय गरुडा, चन्द्रनिगाहपुर, लक्ष्मीनिया र विजयपुरबाट सङ्कलन गरिएको थियो।

सप्तरी जिल्लामा निर्वाचन प्रहरी पदका लागि कुल ७ हजार ४४४ जनाको आवेदन दर्ता भएको छ। नेपाल प्रहरीतर्फ ६ हजार ३२७ जनाले आवेदन दिएका छन्, जसमा ५ हजार २२ पुरुष र १ हजार ३०५ महिला छन्। सशस्त्र प्रहरीतर्फ ९८३ पुरुष र १३४ महिला गरी १ हजार ११७ जनाको आवेदन परेको छ। जिल्लामा नेपाल प्रहरी ३ हजार ८३७ र सशस्त्र प्रहरी ३८५ गरी जम्मा ४ हजार २२२ जनाको माग गरिएको थियो। जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी तथा प्रवक्ता डम्बरबहादुर पुरीका अनुसार नियुक्त हुने निर्वाचन प्रहरीको अवधि ४० दिनको रहने छ, आवश्यकता अनुसार अवधि बढाउन सकिने व्यवस्था छ। निर्वाचन प्रहरीलाई प्रतिदिन ८ सय ६९ रूपैयाँ ४० पैसाका दरले ४० दिनका लागि कुल ३४ हजार ७ सय ७६ रूपैयाँ पारिश्रमिक प्रदान गरिने जनाइएको छ।

पर्सा जिल्लामा पनि निर्वाचन प्रहरीमा उल्लेखनीय आवेदन परेको छ। यहाँ नेपाल प्रहरी र सशस्त्र प्रहरी दुवैतर्फ गरी २ हजार ८५२ जना माग गरिएकोमा नेपाल प्रहरीतर्फ मात्रै ५ हजार ३९९ जनाले आवेदन दिएका छन्। सशस्त्र प्रहरीतर्फ ३८५ जनाको माग गरिएकोमा माघ १ गतेसम्म ५२१ जनाले आवेदन दिएका छन्। जिल्ला प्रहरी कार्यालय पर्साका प्रवक्ता हरिबहादुर बस्नेतका अनुसार पहिलो पटक आवेदन दिने पुरुष ३ हजार १४७ र महिला ६०३ जना छन्। विगतमा म्यादी प्रहरीको रूपमा काम गरेका ६८७ पुरुष र १५३ महिला तथा पूर्वसुरक्षाकर्मी १२ जना र विदेशी सैनिकबाट अवकाशप्राप्त एक जनाको पनि आवेदन परेको छ। सशस्त्र प्रहरी बल पर्साका सूचना अधिकारी मोहन निरौलाले निर्वाचन प्रहरीमा युवादेखि अन्य उमेर समूहसम्मको आकर्षण देखिएको जानकारी दिनुभयो।

तीनै जिल्लामा निर्वाचन प्रहरीका लागि मागभन्दा दोब्बरभन्दा बढी आवेदन परेसँगै छनोट प्रक्रिया प्रतिस्पर्धात्मक हुने देखिएको छ।

# निर्वाचन तोकिएकै समयमा हुन्छः संयोजक प्रचण्ड



दैनिक समाचारदाता

चितवन, २ माघ। नेपाली कम्युनिस्ट पार्टी (नेकपा) का संयोजक एवं पूर्व प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले आगामी फागुन २१ गते तय भएको प्रतिनिधिसभा निर्वाचन तोकिएकै समयमा हुने बताउनुभएको छ।

भरतपुर महानगरपालिकाको प्रशासकीय भवनको उद्घाटन समारोहलाई सम्बोधन गर्दै प्रचण्डले भन्नुभयो, "संविधानसभाको पहिलो निर्वाचनको समयमा पनि अघिल्लो दिनसम्म पनि चुनाव हुन्छ र भन्ने देशैभरी हल्ला थियो। तर चुनाव भयो।"

राजनीतिक दल र जनता अघि बढीसकेकाले अब पनि चुनाव हुन्छ की हुँदैन भनेर अन्योलतामा नबस्न संयोजक दाहालले आग्रह गर्नुभयो।

नेपाली कांग्रेसमा देखिएको विवाद र विभाजनले कही कतै निर्वाचनमा प्रभाव पार्न सक्ने आकलन गरिरहेको बेला प्रचण्डले उक्त विषय छिट्टै समाधान हुने दाबी गर्नुभयो। 'ठूलो पार्टी यतिबेला विभाजन हुनु ठीक होइन। तर यसले निर्वाचनमा असर पार्ने छैन', उहाँले भन्नुभयो।

भरतपुर महानगरपालिका क्षेत्रमा भएको विकासका बारेमा बोल्दै प्रचण्डले भरतपुरलाई रोलमोडेलको रुपमा राष्ट्रले हेरेको बताउनुभयो। उहाँले भन्नुभयो, 'भरतपुर महानगरपालिकाको विकासको मोडेल सिंगो राष्ट्रले महसुस गरेको छ। यो सबैका लागि अनुकरणीय छ।' भरतपुर महानगर प्रमुख रेनु दाहालले गरेको विकासका कामको तारिफ गर्नुभयो।

कार्यक्रममा महानगर प्रमुख रेनु दाहालले भवन निर्माणसँगै आफ्नो कार्यकालमा गरेका कामको विवरण प्रस्तुत गर्नुभएको थियो। संघीय सरकारको २१ करोड ५८ लाख, १४ हजार, बागमती प्रदेश सरकारको १९ करोड ८९ लाख ३६ हजार र महानगरपालिकाको चार करोड ५० लाख गरेर कुल ५३ करोड ३२ लाख ४१ हजार रुपियाँमा निर्माण भएको हो।

उद्घाटन समारोहमा जिल्ला समन्वय समिति चितवनका प्रमुख नारायणप्रसाद अधिकारी, संविधानसभा सदस्य गीता वाग्ले, चितवनका प्रमुख जिल्ला अधिकारी गणेश अर्याल, चितवन उद्योग वाणिज्य संघका अध्यक्ष चिरनजीवी सुवेदीले सम्बोधन गर्नुभयो।

# 'अराजक तत्त्वलाई चुनावबाटै पराजित गर्नुपर्छ' : ओली

दैनिक समाचारदाता

काठमाडौँ २ माघ। नेकपा एमालेका अध्यक्ष तथा निवर्तमान प्रधानमन्त्री केपी शर्मा ओलीले मुलुकमा अराजकता फैलाउने र 'देशलाई आगो लगाउने' तत्त्वलाई आगामी निर्वाचनमार्फत पराजित गर्नुपर्ने बताएका छन्। शुक्रबार काठमाडौँमा आयोजित पार्टी कार्यक्रमलाई सम्बोधन गर्दै उनले लोकतन्त्रको रक्षा गर्न यस्ता समूहलाई समयमै पहिचान गरी चुनावबाटै किनारा लगाउनुपर्ने आवश्यकता औँल्याए।अध्यक्ष ओलीले देशभक्त र लोकतान्त्रिक



शक्तिहरूसँग एमालेको कुनै प्रतिस्पर्धा नरहेको दाबी गर्दै लोकतन्त्र नै नबचे प्रतिस्पर्धाको अर्थ नहुने स्पष्ट पारे। उनले अहिलेको मुख्य आवश्यकता लोकतन्त्र जोगाउनु भएको उल्लेख गर्दै भने, "हाम्रो प्रतिस्पर्धा देशभक्त र लोकतान्त्रिक शक्तिहरूसँग छैन। लोकतन्त्र बच्यो भने मात्र प्रतिस्पर्धा सम्भव हुन्छ, लोकतन्त्र नै नबचे केको प्रतिस्पर्धा ?"

उनले असंवैधानिक तथा लोकतन्त्रविरोधी गतिविधि गर्दै देशलाई अस्थिरतातर्फ धकेल्ने शक्तिलाई पराजित गर्नुपर्नेमा जोड दिए। केही तत्त्वहरूले संविधान, राजनीति, राजनीतिक दल र नेतृत्व नै नचाहिने भन्दै देशमा आतंक सिर्जना गरिरहेको आरोप पनि उनले लगाए। देशलाई नीतिहीन र थितिहीन अवस्थामा पुऱ्याएर अराजकताको वातावरण बनाउने प्रयास भइरहेकाले यस्ता तत्त्वलाई पहिचान गर्न कार्यकर्तालाई निर्देशन दिए।

अध्यक्ष ओलीले वर्तमान संघर्ष लोकतन्त्र मास्न र देशमा आगो लगाउन खोज्ने शक्तिविरुद्ध केन्द्रित रहेको बताउँदै लोकतन्त्रवादी शक्तिहरूसँग सहकार्य गरेर अघि बढ्ने प्रतिबद्धता व्यक्त गरे। संविधान र राजनीति सिध्याउन खोज्ने अराजक तत्त्व नै अहिलेको प्रमुख चुनौती भएको उनको भनाइ छ।

यस पत्रिकामा लेख रचना तथा विचार लगायतको समाग्री प्रकाशनका लागि सम्पर्क

इमेल : sdainik99@gmail.com

मो.नं.: ९८५४०२०९२२








'समाचार दैनिक जनकपुर'का लागि प्रकाशक ललिता दास, सल्लाहकार : हेमन्त साह, कार्यकारी सम्पादक प्रमोद पण्डित,सम्पादक : कैलास दास, मुद्रकः न्यू मोडेल अफसेट प्रेस.,जनकपुरधाम, सम्पादित कार्यालयः विद्यापति चौक, जनकपुरधाम, मो.नं.: ९८५४०२५१६४